# महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महाराजगंज,कपिलबस्तु
## लुम्बिनी प्रदेश, नेपाल

प.स.२०८२/०८३
चलानी नं.

मिति :२०८३/०१/२२ गते

**विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धि सार्वजनिक सूचना।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धि व्यवस्था अन्तर्गत ऐ.ऐनको दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण सम्बन्धित स्थानीय तहले गर्नुपर्ने व्यवस्था भएकोमा सो सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३।०१।१३ को एक सय बुदैं कार्ययोजनाको बुदाँ नं. ९२ मा उल्लेख भए बमोजिम गाउँपालिका, नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३।०१।१७ को निर्यणानुसार गर्न भनी परिपत्र प्राप्त भएकोले देहाय बमोजिम गर्नुहुन सम्बन्धित सरोकारवालाहरु सबैमा अनुरोध छ। साथै संघ, प्रदेश र स्थानीय सरकारको स्वामित्वमा रहेको सरकारी र सार्वजनिक जग्गा गैरकानूनी वा अनाधिकृत रूपमा अतिक्रमण वा कब्जा गरेको एवं तोकिएको उद्देश्य भन्दा फरक प्रयोजनका लागि प्रयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरिने वेहोरा समेत जानकारी गराईन्छ।

**देहायः**

१. नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथासार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास नगर्नुहुन।
२. नगरपालिका क्षेत्रभित्रका सरकारी तथासार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने कार्यमा आवश्यक सहयोग गर्नुहुन।
३.सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगर्न र जोखिमपूर्ण स्थानमा बसोबास नगर्नुहुन।
४. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भए गरेको थाहा भएमा जानकारी गराउनु हुन।

९१/२२

दिपेन्द्र रेग्मी
(प्रमुख प्रशासकीय अधिकृत)

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



महाराजगंज, कपिलवस्तु, नेपाल, फोन नं ०७६-४०००५०
ईमेलः info@maharajgunjmun.gov.np वेवसाइटः maharajgunjmun.gov.np